आज मिति २०८०।०१।२० गते बुधावारका दिन विहान ०७:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

तपशिल

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उपप्रमुख | |
| ३ | श्री मणी पुलामी थापा मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री बिक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | रिता |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री गणेशराज कार्की | सचिव | |

अन्य कर्मचारीहरू

| | | | |
|---|---|---|---|
| १ | महेन्द्र खड्का | अधिकृत आठौं | |
| २ | धनमाया राई | अधिकृतस्तर सातौं | |
| ३ | झमक प्रसाद भट्टराई | अधिकृतस्तर छैटौं | |
| ४ | कृष्ण न्यौपाने | एम.आई.एस. अपरेटर | |
| ५ | दिनेश खड्का | स.कम्प्युटर अपरेटर | |

**प्रस्तावहरू**

१. अघिल्लो बैठकको समीक्षा र अनुमोदन सम्बन्धमा ।
२. आर्थिक अवस्थाको चित्रण सम्बन्धमा ।
३. आयोजनाहरूको म्याद थप सम्बन्धमा ।
४. खर्च अनुमोदन / स्वीकृत सम्बन्धमा ।
५. संस्था दर्ता सम्बन्धमा ।
६. ठेक्का रकम भुक्तानी सम्बन्धमा ।
७. सामुदायिक वन सम्बन्धमा ।
८. फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।
९. सवारी साधन सम्बन्धमा ।
१०. तराई मधेश सम्बृद्धि कार्यक्रम सम्बन्धमा ।
११. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
१२. सेनिटरी प्याड खरिद सम्बन्धमा ।
१३. रसायनिक मलको गुनासो सम्बन्धमा ।
१४. वडा नं. ७ एक गाउँ एक उत्पादन सम्बन्धमा ।
१५. प्रसन्न मार्ग ड्रेन निर्माण सम्बन्धमा ।
१६. भू-उपयोग वर्गीकरण को रकम भुक्तानी सम्बन्धमा ।
१७. वडा नं. ९ को सडक ग्राभेल सम्बन्धमा ।
१८. सहजिकरण समिति सम्बन्धमा ।
१९. विपद व्यवस्थापनका लागि प्रारम्भिक वातावरणीय अध्ययन सम्बन्धमा ।
२०. समूहहरूको लेखा परीक्षण सम्बन्धमा ।
२१. विपद पूर्व तयारी सम्बन्धमा ।
२२. विविध ।

निर्णयहरू

निर्णय नं. १. मिति २०७९।१२।०३ गते सम्पन्न कार्यपालिका बैठकले गरेका निर्णयहरूको समिक्षा गर्दा कार्यान्वयनको अवस्था देहाय बमोजिमको चरणमा रहेको पाईयो ।

देहाय

| क्र.स. | निर्णय नं. | मुल विषय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | २ | १८ बुँदे निर्देशन कार्यान्वयन सम्बन्धमा । | भएको । | |
| २. | ३ | योजनाहरुको म्याद थप सम्बन्धमा । | भएको । | |
| ३. | ४ | फोहोरमैला व्यवस्थापन ठेक्का अनुमोदन सम्बन्धमा । | भएको । | |
| ४. | ५ | हाटबजारको राजस्व सम्बन्धमा । | | |
| ५. | ६ | मृत कर्मचारीको परिवारलाई सहयोग सम्बन्धमा । | भएको । | |
| ६. | ७ | क्यान्सर पीडित कर्मचारीलाई सहयोग सम्बन्धमा । | भएको । | |
| ७. | ८ | खेलकुद विकास समितिको निर्णय स्वीकृत गर्ने सम्बन्धमा । | भएको । | |
| ८. | ९ | राष्ट्रिय परिचपत्रको विवरण दर्ता / संकलन गर्ने कर्मचारीको खाजा/खाना सम्बन्धमा । | नभएको । | |
| ९. | १० | राजस्व छुट/फिर्ता सम्बन्धमा । | भएको । | |
| १०. | ११ | संस्था दर्ता सम्बन्धमा । | भएको । | |
| ११. | १२ | स्टक प्रमाणित सम्बन्धमा । | भएको । | |
| १२. | १३ | वैकल्पिक उर्जाको कार्यक्रम सम्बन्धमा । | भएको । | |
| १३. | १४ | बेलबारी सपिङ कम्प्लेक्स निर्माण सम्बन्धमा । | भएको । | |
| १४. | १५ | कालोपत्रे सडक सम्बन्धमा । | भएको । | |
| १५. | १६ | सामाजिक विकासतर्फका आयोजना स्वीकृत/अनुमोदन सम्बन्धमा । | भएको । | |
| १६. | १७ | भूउपभयोग क्षेत्र वर्गीकरण व्यवस्थापन सम्बन्धमा । | भएको । | |
| १७. | १८ | नगर खेलकुद विकास समितिमा मनोनयन सम्बन्धमा । | भएको । | |
| १८. | १९ | नगर शिक्षा समितिमा मनोनय सम्बन्धमा । | गठन । | |
| १९. | २० | नगर स्तरीय जलश्रोत समिति गठन सम्बन्धमा । | गठन । | |
| २०. | २१ | वास यूनिट गठन सम्बन्धमा । | गठन । | |
| २१. | २२ | प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा । | अनुमोदन । | |
| २२. | २३ | पञ्चज्योतिआ.वि बेलबारी – ४ र महेन्द्र आ.वि. बेलबारी ५ लाई अनुदान दिने सम्बन्धमा । | प्रदान भएको । | |
| २३. | २४ | आर्थिक सहायता सम्बन्धमा । | प्रदान भएको । | |
| २४. | २५ | राष्ट्पति रनिङ सिल्ड रकम थप गर्ने सम्बन्धमा । | भएको । | |
| २५. | २६ | सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा । | प्रकृयामा रहेको । | |
| २६. | २७ | कार्यविधि संशोधन सम्बन्धमा । | भइको । | |
| २७. | २८ | जलश्रोत नियमावली मस्यौदा सम्बन्धमा । | भएको । | |
| २८. | २९ | कृषि पूर्वाधार निर्माण सम्बन्धी प्रस्ताव माग पेस गर्ने सम्बन्धमा । | भएको । | |
| २९. | ३० | विविध | भएको । | |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| २. | आर्थिक अवस्थाको चित्रण सम्बन्धमा | आर्थिक वर्ष २०७९/८० को अन्यसम्ममा आन्तरिक आय तर्फ अनुमान गरिएको बजेटमध्ये रकम एक करोड अन्ठाउन्न लाख पैसठ्ठी हजार पाँच सय सड्चालिस रूपैया नपाको क्षेत्राधिकारबाट प्राप्त हुने आय चार करोड तीस लाख रूपैया र बाह्य स्रोत वाडफाँडयोग्य रू दश करोड छब्बिस लाख चौवालिस हजार दुई सय पचास रूपैया गरी पन्ध्र करोड अठासी लाख नौ हजार सात सय अन्ठानब्बे रूपैया बजेट घाटा रहेको अनुमान गरिएको छ । नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरू सम्पुर्ण रकम भुक्तानी गर्न नसक्ने अवस्था रहेकोमा मिति २०८०/०२/०१ गतेदेखि अन्तिम भुक्तानीका लागि प्राप्त भएका योजना तथा कार्यक्रमहरूको कुल भुक्तानी गर्नुपर्ने रकमको सम्पूर्ण कर समेत कट्टा गरी बाँकी रकमको सत्तरी प्रतिशत सम्म भुक्तानी दिई बाँकी रकम भुक्तानी दिन सक्ने अवस्था रहेमा यसै आर्थिक वर्षमा भुक्तानी दिने र भुक्तानी दिन नसक्ने अवस्था भएमा प्रचलित कानुन बमोजिम अर्को आर्थिक वर्षमा भुक्तानी दिने गरी व्यवस्था मिलाउने साथै स्रोत पूरा भएका वा विषेश प्रकृतिका आयोजनाको हकमा सम्पूर्ण रकम भुक्तानी हुन सक्ने गरी प्रवन्ध मिलाई आउने नगरसभामा सोही बमोजिम बजेट व्यवस्था गर्ने गरी कार्य गर्न कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो । |
| ३. | आयोजनाहरू को म्याद थप सम्बन्धमा | बेलबारी नगरपालिकाले देहाय बमोजिम योजना सञ्चालनमा रहेको र उक्त योजना सम्झौता बमोजिमको समयमा सम्पन्न नहुने भएकाले देहाय बमोजिम म्याद थप्ने निर्णय गरियो । |

<u>देहाय</u>

| क्र.स. | नाम | निर्माणकर्ताको नाम | म्याद समाप्त हुने/भएको मिति | कार्य सम्पन्न गर्नुपर्ने म्याद थप मिति | म्याद थप गर्नुपर्नका कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| क. | पन्ध्र सैया अस्पताल निर्माण | श्री श्रृङ्खला निर्माण सेवा | २०७९/१२/३० | २०८०/०६/२० | समयमा संघीय सरकारबाट श्रोत प्राप्त हुन नसकेको साथै स्थानीय स्तरको विवाद | |
| ख. | वडा कार्यालय भवन निर्माण | श्री श्रृङ्खला निर्माण सेवा | २०७९/१२/३० | २०८०/०२/१५ | समयमा जिल्ला समन्वय श्रोत प्राप्त हुन नसकेको साथै भवन निर्माणको जमिन यकिन हुन समय लागेको | |
| ग. | अमना सिसौली पर्यटकीय पूर्वाधार विकास | श्री विकास YSH भुवनेश्वरी जे.भी. | २०७९/११/३० | २०८०/०४/३० | स्थानीय स्तरमा विवाद | |
| घ. | वडा कार्यालय घेरा वारा निर्माण | श्री स्लोक कन्स्ट्रक्सन | २०७९/०९/३० | २०८०/०३/१५ | स्थानीय स्तरमा विवाद | |
| ङ. | कयर खोला रैझार आर सिसि पुल निर्माण | श्री मालिका एचटिसी जे.भी. | २०८०/०१/३० | २०८०/०३/१५ | स्थानीय स्तरमा विवाद | |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| च. | किस्ती खोला मितेरी कल्भर्ट निर्माण | श्री सयपत्री मन्टिप्रपोज कम्पनी, बेलबारी | २०७९/१२/२५ | २०८०/०३/१५ | पालिकाहरुको विचमा समन्वयको अभाव | |
| छ. | नयाँ वाहुनी बजार देखि कयर खोला पुल सम्म | श्री गडी कन्ट्रसक्सन सुनसरी | २०८०/०१/१५ | २०८०/०३/१५ | स्थानीय स्तरमा विवाद | |

४. खर्च अनुमोदन / स्वीकृत सम्बन्धमा

नगर प्रमुख / उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भई सम्झौताको चरणमा रहेका, सम्झौता भएका, सञ्चालन भएका / सञ्चालनमा रहेका र भुक्तान भईसकेका देहायका योजनाहरूलाई स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | माग गर्ने संस्था / निकाय | विषय | पालिकाबाट प्रदान गरेको / गरिने रकम रु | खर्च शीर्षक (नगर विकास योजना) | कैफियत |
|---|---|---|---|---|---|
| १ | लोक बहादुर राई, बेलबारी १० | यलम्बर चौकदेखि उत्तर उत्तम राईको घर सम्म जाने बाटो स्तरउन्नति | २५०००० | ३८९ | |
| २ | आधारभुत स्वास्थ्य सेवा केन्द्र, बेलबारी १० | खाने पानी, बिद्युत व्यवस्थापन लगायत अन्य मर्मत | ८३,००० | ३८९ | |
| ३ | ४ नं. वडा कार्यालय, बेलबारी नगरपालिका | धरहरा बाट धिमाल टोल जोडिने बाटोको ह्युमपाइप मर्मत | २५०००० | ३८९ | |
| ४ | गोविन्दराज लिम्बु समेत, बेलबारी ३ | खोरीया सिचाई पैनीमा एजिङ वाल निर्माण | २५०००० | ३८९ | |
| ५ | ७ नं. वडा कार्यालय, बेलबारी नगरपालिका | नमुना टोलको नया कलभर्ट मर्मत(ग्याभिङ वाल) | २००००० | ३८९ | |
| ६ | ७ नं. वडा कार्यालय, बेलबारी नगरपालिका | बाहुनी बजार पुर्व बस स्टेसनमा सार्वजनिक शैचालय निर्माण | ३५०००० | ३८९ | |
| ७ | फुलबारी पेट्रोलपम्प उत्तर त्रिलोचन सुवेदीको घरसम्म बाटो ब्लक निर्माण उपभोक्ता समिति, बेलबारी १ | फुलबारी पेट्रोलपम्प उत्तर त्रिलोचन सुवेदीको घरसम्म बाटो ब्लक निर्माणमा थप रकम | ४००००० | ३९५ | |

५. संस्था दर्ता सम्बन्धमा

कानुन बमोजिम रित पुर्याई नगरपालिमा आवेदन गरेको सम्बन्धमा सम्बन्धित शाखाले जाँच गरी स्वीकृती/दर्ताका लागि पेस भए बमोजिम बेलबारी नगरपालिकाको संस्था दर्ता ऐन, २०७६ को दफा ३ बमोजिम देहायका संस्था दर्ता गर्न गर्ने निर्णय गरियो ।

| प्रस्ताब नं. | प्रस्ताब | निर्णय |
|---|---|---|
| | | |

| क्र.सं. | संस्थाको नाम | ठेगाना | कार्यालय रहने स्थान | अध्यक्षको नाम तथा पदाधिकारीहरुको संख्या |
|---|---|---|---|---|
| १ | खुलाल बस्नेत कुल संस्कृति संरक्षण समाज | बेलबारी-११, मोरङ | बेलबारी-११, लक्ष्मीमार्ग | श्री लाल ब.बस्नेत सहित ३७ जना । |
| २ | कुइरी सिम्सार संरक्षण तथा व्यवस्थापन समिति | बेलबारी-१०, मोरङ | बेलबारी-१०, मोरङ | श्री लोक बहादुर राई सहित ९ जना |
| ३ | लालभित्ती व्याडमिन्टन क्लब | बेलबारी-२, मोरङ | बेलबारी-२, मोरङ | श्री नेत्र बहादुर लिम्बु सहित ११ जना |

६. ठेक्का रकम भुक्तानी सम्बन्धमा

बेलबारी नगरपालिकामा देहाय बमोजिमका आयोजनाहरू सञ्चालन भई सम्पन्न भएका देहायका आयोजनाहरू सम्पन्न भइ भुक्तानी गरिएकोमा सोलाई स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | महेन्द्र आ.वि देखि पाचकोलेसम्म जाने सडक कालोपत्रे वडा नं. ५ | शिस्टिना कन्स्ट्रक्सन प्रा.लि. बेलबारी - १ | ५३३९७३५.०१ | ३०१२३१९.३७ | अन्तिम विल भूक्तानी (भेरिएसन गरि अन्तिम भुक्तानी गरिएको) |
| २ | रत्न मार्गदेखि ढुकुरे चौकसम्म जाने सडक कालोपत्रे बेलबारी – १ | सयपत्री निर्माण सेवा केराबारी, मोरङ | ८५०१४००.२० | १९७५९१९.३३ | रनिङ विल भूक्तानी |
| ३ | सोमबारे देखि शाखा नहर जाने सडक कालोपत्रे बेलबारी – ६ | शिस्टिना कन्स्ट्रक्सन प्रा.लि. बेलबारी - १ | ५७००३८२३.८७ | २०२२३०४.५० | रनिङ विल भूक्तानी |
| ४ | वडा कालोपत्रे वडा नं. ४, ५, ६, ७, ८, ९ र १० | भास्कर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. बेलबारी – ११ | १२५२१३८३.५७ | १२३१८७७४.२३ | अन्तिम विल भूक्तानी |
| ५ | १५ शैया अस्पताल भवन निर्माण बेलबारी – ४ | श्रृङ्खला निर्माण सेवा विदुर – ४ नुवाकोट | १०५४३२१९३.८४ | ३०७३४२१.३२ | रनिङ विल भूक्तानी |
| ६ | कयर खोला रैझार आर.सि.सि पुल निर्माण बेलबारी – ८ | मालिका एच.टि.सि. जे.भि. काठमाडौ | ३५०४४४८१.८७ | २७३०६४७.९९ | रनिङ विल भूक्तानी |

| प्रस्ताब नं. | प्रस्ताब | निर्णय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ७ | धनपालगढी पर्यटकिय क्षेत्र पूर्वाधार विकास बेलबारी – ५ | किरातेश्वर मिसन जे.भि. काठमाडौं । | ८२३३४५०७.६० | १०४०७०४१.५८ | रनिङ विल भूक्तानी |
| | | ८ | वडा कार्यालय भवन निर्माण वडा नं. १, २, ४, ६, ८, १० र ११ | श्रृङ्खला निर्माण सेवा विदुर – ४ नुवाकोट | ५३६१७३५.०१ | २२५१७०४.२५ | रनिङ विल भूक्तानी |
| | | ९ | चादनी चौक नलबारी सडक कालोपत्रे बेलबारी १० | पि आर कन्स्ट्रक्सन, सुनसरी । | ५३६१७३५.०१ | २२५१७०४.२५ | रनिङ विल भूक्तानी |
| ७. | सामुदायिक वन सम्बन्धमा | स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ख को उपदफा (२) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम बेलबारी नगरपालिकाको १२औ नगरसभा बैठकले सामुदायिक वनहरूबाट रकम रू पचास लाख मात्र आय अनुमान स्वीकृत गरेको । वन नियमावली २०७९ को नियम ४५ बमोजिम सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तहमा अखिलेख राख्ने प्रयोजनका लागि आफ्नो समूहको विधान, समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि, सामुदायिक वनको स्वीकृत कार्ययोजना र सामुदायिक वन हस्तान्तरणको एक/एक प्रति सम्बन्धित स्थानीय तहलाई बुझाउनुपर्ने व्यवस्था रहेकोमा बेलबारी नगरपालिकामा हालसम्म कुनै पनि सामुदायिक वनले उक्त कार्यहरू नगरेकाले आर्थिक वर्ष २०७७/८८ र २०७८/७९ को लेखा परीक्षण प्रतिवेदन र उल्लखित आर्थिक वर्षको कटान आदेश समेत पेस गर्न लगाई सूचिकृत गराउने प्रवन्ध मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । | | | | | |
| ८. | फोहोरमैला व्यवस्थापन सम्बन्धमा | क. बेलबारी नगरपालिकाबाट सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापनका लागि श्री वेष्ट एण्ड ईन्भारो म्यानेजमेन्ट प्रा.लि.सँग सम्झौता भएको । उक्त प्रा. लि.को मिति २०८०/०१/११ गतेको पत्रबाट हाल फोहोलमैला व्यवस्थापन गर्नका लागि प्रयोग भई रहेको ल्यान्डफिल्ड साईट जग्गा धनीले प्रयोग नगर्नका लागि बारम्बार नीज कम्पनीलाई जानकारी गराएकोले ल्यान्डफिल्ड साईट व्यवस्थापनका गरिदिनका लागि माग निवेदन पेश भएको । यस विषयमा छलफल गर्दा बेलबारी नगरपालिका क्षेत्र भित्रको व्यात्ति, संघसंस्थालाई आफ्नो जग्गा घटीमा दश वर्षका लागि लिजमा दिन सूचना आव्हान गर्ने ।उल्लेखित प्रयोजनका लागि घटी १.५ विगाहा उपयुक्त जग्गा पूर्वपश्चिम राजमार्गबाट १५ किलोमिटर क्षेत्र भित्रको जग्गा भाडामा लिन सूचना प्रकासन गर्ने र प्राप्त आवेदनहरूको मूल्याङ्कन गर्न वातावरण तथा विपद व्यवस्थापन समितिलाई जिम्मा दिने । उल्लेखित समितिमा वडा नं. १, २, ११ का वडाअध्यक्ष र उद्योग वाणिज्य संघका अध्यक्ष तथा प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा राख्ने गरी कार्यअघि बढाउन देहाय बमोजिमको कार्यक्षेत्र र अवधि हुने गरी आवश्यक कार्य अघि बढाउन कार्यलयलाई निर्देशन गर्ने निर्णय गरियो ।<br>**कार्यक्षेत्र / अवधि**<br>१. भाडा लिने जग्गा चौहदी यकिन गर्ने ।<br>२. भाडामा लिने जग्गाको लागत अनुमान तयार गरी स्वीकृतिका लागि पेस गर्ने । | | | | | |

<table>
<tr><th>प्रस्ताव नं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td></td><td></td><td>३. प्राप्त हुने आवेदनको मूल्याङ्कनको आधारहरू तयार गर्ने ।<br>४. सूचनाको मस्यौदा तयार गरी प्रकाशन गर्ने ।<br>५. स्थानीय पत्रिकामा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने ।<br>६. मूल्याङ्कन गरी सिफारिस साथ नगर प्रमुख समक्ष पेस गर्ने ।<br>७. विषयविज्ञ तथा सरोकारवालाई आमन्त्रित सदस्यको रूपमा समितिको बैठकमा डाक्न सक्ने ।<br>८. समितिका सदस्यले कार्यपालिका सदस्यले पाए सरहको सुविधा पाउने ।<br>९. एक महिना भित्र राय सहित नगर प्रमुख समक्ष प्रतिवेदन पेस गर्ने ।<br>१०.कुनै पनि आवेदन नपरेमा वा कुनै पनि आवेदन सारभुत रूपमा प्रभावकारी नभएको अवस्थामा पुनः क्रमस सात दिनको सूचना प्रकाशन गरी माथि उल्लेख भए बमोजिम गर्ने र समितिको अवधि स्वत थप हुने दिनको दुई गुणा थप हुँदै जाने ।<br>ख. बेलबारी नगरपालिकामा तोकिएको क्षेत्रमा फोहोरमैला व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन कार्यका लागि सम्झौता मुताबिक श्री वेष्ट एण्ड ईन्भारो म्यानेजमेन्ट प्रा.लि.ले सम्झौता बमोजिम फोहोरमैला उत्शर्जनकर्ताबाट शूल्क उठाउने व्यवस्था गरेको । फोहोरमैला शूल्क उठाउने कार्य यस अघि नभएकोले विभिन्न गुनासो आउन थालेको अवस्थालाई मध्यनजर गर्दै विभिन्न माध्यमबाट फोहोरमैला व्यवस्थापनको सम्बन्धमा सार्वजनिक सूचना प्रवाह गर्ने र नगर तथा वडाबाट नागरिकलाई शुल्क तिर्ने वातावरण निर्माण गर्नका निमित्त सहजीकरण गर्ने । आगामी आर्थिक वर्ष २०८०/८१ देखि फोहोरमैला व्यवस्थापनको कार्यमा सहभागी नभई असयोग गर्ने व्यक्ति / संघसंस्थाको हकमा सार्वजनिक सेवा प्रवाह गर्ने कार्य सदस्यता नलिएसम्मका लागि सेवा रोक्का गर्ने ।</td></tr>
<tr><td>९.</td><td>सवारी साधन सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकामा दैनिक प्रशासनिक कार्य र अनुगमन मुल्याङ्कन साथै अन्य कार्यहरू गर्नका एक थान सवारी साधन आवश्यक भएको साथै भएका साधनहरू पनि पुरानो भई अत्याधिक मर्मत सम्भार गर्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै नगर प्रमुखस्तरीय निर्णय बमोजिम सिराहा भन्सार कार्यालय, सिराहामा अदालतद्वारा निर्णय भइ जफत भएको एक थान स्कोरपियो बेलबारी नगरपालिकाले सञ्चालन गर्नका लागि बेलबारी नगरपालिकाको चालनी नं. ३२६७ मिति २०७९/१२/१९ गते सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई नेपाल सरकारको नियमानुसार राजस्व भुक्तानी गर्ने गरी सञ्चालनका लागि सहमति प्रदान गर्नका लागि अर्थ मन्त्रालयमा सिफारिस गरिदिनुहुनका लागि निवेदन पेस गरेकोमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चालनी नं. १३५६ मिति २०७९/१२/२८ गते अर्थ मन्त्रालयलाई सोही बमोजिम सिफारिस भएकोमा अर्थ मन्त्रालयको मिति २०८०/०१/०८ गतेको सचिवस्तरीय निर्णयानुसार बेलबारी नगरपालिकाले प्रयोग गर्ने गरी चलानी नं. १६३५ मिति २०८०/०१/१४ गतेको पत्रबाट श्री भन्सार विभाग, त्रिपुरेश्वर, काठमान्डौंलाई जानकारी गराई बेलबारी नगरपालिकाको चलानी नं. ३५७१ मिति २०८०/०१/१७ गतेको बाट के कति रकम राजस्व दाखिला गर्नुपर्ने हो व्यहोरा खोली पठाउनका लागि पत्राचार गरिएकोमा उक्त कार्यबाट रकम रु ४७२५००/- अक्षरेपि चार लाख बहत्तर हजार पाँच सय मात्र रकम राजस्व बुझाउनका लागि प्राप्त ईमेल बमोजिम बेलबारी न.रपालिकाका जिन्सी उपशाखा प्रमुख श्री चजुर्भुज माझीलाई उक्त रकम पठाई गाडी जाँच गरी मर्मतका लागि लैजानका लागि गरिएको निर्णय स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।
<table>
<tr><th>क.स.</th><th>सवारी साधनको विवरण</th><th>इन्जिन नं.</th><th>चेसिस नं.</th><th>उत्पादन वर्ष</th></tr>
<tr><td>१</td><td>स्कर्पियो जिप एस. फोर.</td><td>SJE4L10761</td><td>MA1TA2SJXE2L29022</td><td>2014</td></tr>
</table></td></tr>
<tr><td>१०.</td><td>तराई मधेश सम्बृद्धि</td><td>संङ्घीय सरकारकाबाट बेलबारी नगरपालिका भित्र देहायका वडामा देहायको योजनाहरू स्वीकृत भई मिति २०८०/०१/०५ गते LMBIS मार्फत अख्तियारी प्राप्त भएको छ । उल्लेखित योजनाहर यसै आर्थिक वर्ष समाप्त</td></tr>
</table>

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| | कार्यक्रम सम्बन्धमा | हुनुभन्दा सात दिन अगावै सम्पन्न गरी भुक्तानी दिई सक्नुपर्ने कानुनी व्यवस्था समेतलाई मध्यनजर गर्दै स्वीकृत आयोजनाहरू समयमा सम्पन्न गर्न देहाय बमोजिम सञ्चालन गर्ने र तराई मधेष सम्बृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ को दफा ५ को उपदफा (१) बमोजिम नगरपालिकाले व्यहोर्नु पर्ने ३० प्रतिशत लागत सहभागिताको रकम चालु आर्थिक वर्षमा विनियोजन नभएको हुँदा आर्थिक वर्ष २०८०/८१ का लागि गरिने नगरसभाबाट विनियोजन गर्ने र नगरपालिकाको साझेदार ३० प्रतिशत रकम आगामी आर्थिक वर्षमा भुक्तानी गर्ने साथै उपभोक्ता समितिले गर्ने योजनाको हकमा तराई मधेष समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका २०७९ को दफा ५ को उपदफा (४) बमोजिम स्थानीय लागत साझेदारी सहितको कुल स्वीकृत बजेटको १० प्रतिशत रकम उपभोक्ता समितिबाट गर्ने गरी र ३० प्रतिशत लागत सहभागिताको रकम चालु आर्थिक वर्षमा विनियोजन नभएको हुँदा आर्थिक वर्ष २०८०/८१ का लागि गरिने नगरसभाबाट विनियोजन गर्ने र आगामी आर्थिक वर्षमा भुक्तानी दिने र आयोजनाहरू यसै वर्ष कार्यसम्पन्न हुने गरी ठेक्का सूचना प्रकासन गर्ने तथा नियमानुसार उपभोक्ता समितिले सञ्चालन गर्ने आयोजनाको हकमा समिति गठन गरी गर्ने र समिति गठन नभए ठेक्का प्रकृयाबाट गर्ने नगर प्रमुख स्तरीय निर्णय स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो । |

| क.स. | योजनाको नाम | सञ्चालन हुने योजना को ठेगाना | स्वीकृत रकम रु | नगरपालिका को लागत सहभागिता रकम ३० प्रतिशत | उपभोक्ता समितिको सहभागिता रकम १० प्रतिशत | जम्मा रकम | सञ्चालन प्रकृया |
|---|---|---|---|---|---|---|---|
| १ | रामजानकी स्कुल पश्चिम भागमा थाकस भवनको लागि जग्गामा भवन निर्माण | बेलबारी -७ | ३०००००० | ९००००० | ३९०००० | ४२९०००० | उपभोक्ता समिति |
| २ | भिम कार्कीको घरदेखि तारोको घर सम्म तटबन्ध | बेलबारी -७ | ३०००००० | ९००००० | ३९०००० | ४२९०००० | उपभोक्ता समिति |
| ३ | बेलबारी ५ र ग्रामथान ४ को छेउ नजिक पुल तिर आर्यघाट निर्माण निर्माण | बेलबारी ५ | २५००००० | ७५०००० | ० | ३२५०००० | माटो परीक्षण तथा पानीको वहावको विश्लेषण गर्न समय लाग्ने अवस्था देखिन्छ । यस अवस्था |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | मा सूचना प्रकासन गर्ने अवस्था नभएमा उपभोक्ता समितिद्वारा कार्य गर्ने । |
| | | ४ | सडक कालोपत्रे डाँहि टोलको पुल देखि हर्दिबरी टोल सम्म | बेलबारी ७ | ३०००००० | ९००००० | ० | ३९००००० | बोलपत्र |
| | | ५ | कालोपत्रे बोराधाव जुद्धमार्ग १.५. किलोमिटर | बेलबारी -६ | ३०००००० | ९००००० | ० | ३९००००० | बोलपत्र |
| | | ६ | धोक्कर जाने बाटो बिकास बस्नेतको घर हुँदै दक्षिण विद्यालय सम्म नाला सहित कालोपत्रे | बेलबारी ५ | ३५००००० | १०५०००० | ० | ४५५०००० | बोलपत्र |
| | | ७ | कसेनी बजार चोक देखि दक्षिण जाने बाटो नाला सहित कालोपत्रे | बेलबारी ५ | ३०००००० | ९००००० | ० | ३९००००० | बोलपत्र |
| | | ८ | सीमा बाँध स्तरोन्ति बाटो | बेलबारी ६ | २५००००० | ७५०००० | ३२५००० | ३५७५००० | उपभोक्ता समिति |
| | | | कुल रकम | | २३५००००० | ७०५०००० | ११०५००० | ३१६५५००० | |
| ११. | सार्वजनिक सुनुवाई सम्बन्धमा | बेलबारी नगरपालिकाको सार्वजनिक सुनुवाई मिति २०८०/०१/२९ गते दिनको १ बजे बेलबारी नगरपालिकाको कार्यालयमा गर्ने सर्वसम्मत निर्णय गरियो । | | | | | | | |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १२ | सेनिटरी प्याड खरिद सम्बन्धमा | बेलबारी नगरपालिकाको नगरसभाबाट स्वीकृत सेनिटरी प्याड खरिदका लागि मिति २०७९/१२/०१ गते विद्युतिय माध्यमबाट बोलपत्र आव्हान गरिएकोमा विद्युतीय माध्यमबाट रितपूर्वक पाँच ओटा बोलपत्रदाताहरूले बोलपत्र पेश गरेको । सूचना को बमोजिम सेनिटरी प्याडको नमुना अनिवार्य पेस गर्नुपर्नेमा एक बोलपत्रदाताले सेनिटरी प्याडको नमुना पेस गनरेले सूचना बमोजिम निज फर्म/कम्पनीलाई मुल्याङ्कन प्रकृयामा समावेस नगरी चार ओटा बोलपत्रदाताले पेस गरेको सेनिटरी प्याडको नमुनालाई नेपाल गुणस्तर तथा नापतौल विभागमा सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ को उपदफा (४) सँग सम्बन्धित अनुसूची १ बमोजिम गुणस्तर मापनका लागि पठाइएको र प्राप्त गुणस्तर मापन प्रतिवेदनमा एक बोलपत्रदाता सेनिटरी प्याडको नमुना स्पेसिफिकेसन बमोजिम रहेको पाइएको । उक्त बोलपत्रदाताले पेस गरेको BoQ मा नगरपालिकाको लागत अनुमान भन्दा बढी रकम पेस गरेको पाइएकोले सबै बोलपत्रदाता सारभुत रूपमा प्रभावग्राही नदेखिएकाले दोस्रो पटक बोलपत्र आव्हान गरिएको निर्णयलाई स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो । |
| १३ | रसायनिक मलको गुनासो सम्बन्धमा | बेलबारी नगरपालिकामा रहेको उपप्रमुखको नेतृत्वको समितिले सहुलियत रसायनिक मल वितरणका लागि निर्णय गरी वडा नं. ६ को आपूर्ती कृषि सहकारी संस्थामा मार्फत वितरण गर्न कृषि सामाग्री संस्थालाई सिफारिस गरी पठाईएको । वडा नं. ५ मा कुनै पनि मल वितरणका लागि योग्य संस्था नभएको हुँदा धनपाल कृषि सहकारी संस्थामार्फत वितरणका लागि आपूर्ती कृषि सहकारी संस्थामा मार्फत खरिद गरी लगिएको रसायनिक मल रितपूर्वक वितरण नगरी अन्यथा गरी पाईएकाले उल्लेखित विषयको प्रारम्भिक छानविन र नगर प्रमुखको अध्यक्षतामा भएको सरोकारवालाको बैठकले गरेको सिफारिस समेतका आधारमा मिति २०८०/०१/११ गते नगर प्रमुखस्तरीय निर्णय अनुसार गरिएको कारवाहीलाई स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो । |
| १४ | वडा नं. ७ एक गाउँ एक उत्पादन सम्बन्धमा | बेलबारी नगरपालिका वडास्तरीय कार्यक्रम अन्तर्गत नगरसभाबाट स्वीकृत भएको एक गाउँ एक उत्पादन कार्यक्रम खर्च शिर्षक नं. ८६ बाट च्याप खटर खरीद गरी हस्तान्तरण गरीसकेकोले सोलाई स्वीकृत / अनुमोदन गर्ने र भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । |
| १५ | प्रसन्न मार्ग ड्रेन निर्माण सम्बन्धमा | बेलबारी नगरपालिकाबाट स्वीकृत भएको मापदण्डमा बाटोको चौडाई २० फीट हुनुपर्ने भएता पनि वडा नं. २ को प्रसन्न मार्ग आगले सडक भएको र सो सडक २० फीट बनाउने सम्भावना तत्काल नभएकोहुँदा स्थानीय प्राविधिकको सिफारिसमा वडा समितिको निर्णयका आधारमा ड्रेन निर्माण गर्ने कार्य तत्काल अगाडि बढाउने निर्णय गरियो । |
| १६ | भू-उपयोग वर्गीकरण को रकम भुक्तानी सम्बन्धमा | नेपालमा भू-उपयोग ऐन २०७६, भू-उपयोग नियमावली २०७९ नियमालवी मूताविक बेलबारी नगरपालिकाको भूवर्गीकरण तथा भूउपयोग योजना तर्जुमा सम्बन्धी कार्य गर्न श्री पिकासो कन्सल्टेन्ट प्रा.ली., सानेपा २, ललितपुर सम्झौता भई बेलबारी नगरपालिकाको भूवर्गीकरण तथा भूउपयोग योजना तर्जुमा कार्य सम्पन्न भई बेलबारी नगरपालिकाको स्थानीय भुउपयोग परिषदले स्वीकृत गरी बेलबारी नगरपालिका क्षेत्र भित्रको कित्ताकाट सम्बन्धी कार्य सुरू भएको । श्री पिकासो कन्सल्टेन्ट प्रा.ली., सानेपा २, ललितपुरले सम्झौता बमोजिमको कार्यसम्पन्न गरी अन्तिम किस्ता माग भई आएकोमा सम्झौता रकमको पाँच प्रतिशतले हुन आउने रकम कट्टा गरी न्यूनतम १३ महिनाका लागि धरौटी स्वरूप राखी बाँकी रकम नियमानुसार भुक्तानी गर्नका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । |

| प्रस्ताब नं. | प्रस्ताब | निर्णय |
|---|---|---|
| १७ | वडा नं. ९ को सडक ग्राभेल सम्बन्धमा | वडा नं. ९ को धनमायाको घरदेखि पश्चिम जाने सडक ग्राभेल गर्ने उक्त सडक चौडाई प्रचलित मापदण्ड भन्दा न्यून भएको र उक्त सडकमा वडा कार्यालयबाट रकम समेत विनियोजन भएको साथै तत्काल उक्त सडक चौडाई गर्न समेत नसकिने भएकोहुँदा सो सडकलाई गल्लीको रुपमा मानी विनियोजित बजेट अनुसारको कार्य गर्ने |
| १८ | सहजीकरण समिति सम्बन्धमा | राष्ट्रिय भूमी आयोगले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संङ्कलन लगतको कार्य गरिरेको सम्बन्धमा वडाहरुमा व्यक्तिले प्रयोग गर्दै आएको भूमिको सम्बन्धमा उत्पन्न भएको विवादलाई रितपूर्वक निरुपण गर्न नगर स्तरीय सहजीकरण समितिमा वडा स्तरीय समितिबाट यथाशीघ्र पठाउने व्यवस्था गर्न वडाहरुलाई निर्देशन गर्ने । |
| १९ | विपद व्यवस्थापनका लागि प्रारम्भिक वातावरणीय अध्ययन सम्बन्धमा | वडा नं. ११ लक्ष्मीमार्ग छेउमा रहेको जग्गामा नेपाल प्रहरीको विपद् व्यवस्थापन गण र प्रहरी कल्याणकारीद्वारा पेट्रोलपम्प सञ्चालन गर्नका लागि यस अघिनै अनुरोध भई आएको । स्थानीय सामुदायी बन समिति र नगरपालिकाले उल्लेखित कार्य गर्न/गराउन सिफारिस गरेको । माथि उल्लेखित कार्य गर्न प्रारम्भिक वातावरणीय अध्ययन गरिदिनका लागि माग भई आएकोमा प्रचलित सार्वजनिक खरिद कानुन बमोजिम उल्लेखित कार्य गर्न/गराउन कार्यालयलाई निर्देश दिने । |
| २० | समूहहरूको लेखा परीक्षण सम्बन्धमा | बेलबारी नगरपालिकाले आ.व. २०७७/०७८ र २०७८/०७९ मा गरिबी निवारणका लागि कार्यविधि मुताविक गठन गरी बेलबारी नगरपालिकामा दर्ता भएका विभिन्न समूहले कुनै पनि आर्थिक कारोवार नगरेको । उक्त व्यवसाय दर्ता गर्नका लागि लेखापरीक्षण गराउनुपर्ने कानुनी व्यवस्था रहेको । उक्त समूह दर्ता / नविकरण / खारेज गर्नका लागि समुहको सदस्यहरूको आर्थिक अवस्था समेत न्युन रहेको अवस्था मध्यनजर गर्ने सरोकारवाला सबैले न्युन रूपमा लेखापरीक्षण गरिदिने लेखापरीक्षकको खोजी गरी उक्त कार्यलाई अवश्यक सहजीकरण गर्ने र सो बापतको खर्च नगरपालिकाले व्यहोर्ने निर्णय गरियो । |
| २१ | विपद पूर्व तयारी सम्बन्धमा | क. बेलबारी नगरपालिका क्षेत्र भित्र आईपर्न सक्ने विपद तथा विपद्जन्य कार्य रोकथाम गर्नका लागि आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामाग्रीहरू न्युन मात्रामा रहेको अवस्था देखिन्छ । विपद तथा विपदजन्य कार्य रोकथाम गर्नका लागि आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामाग्रीहरू आवश्यकता बमोजिम खरिद गर्न कार्यालयलाई निर्देशन दिने र बाढीजन्य विपद न्यूनिकरणका लागि आवश्यक सामाग्रीहरु विपद् व्यवस्थापन कोष बाट खर्च हुने गरी खरिद प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने साथै नगरमा नगरस्तरीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना गरी विपद् जोखिम इकाईको रुपमा समेत व्यवस्थापन गर्ने निर्णय गरियो ।<br>ख. बेलबारी नगरपालिका, लेटाङ नगरपालिका र कानेपोखरी गाउँपालिका क्षेत्र हुँदै सिमा खोलाको रुपमा बहने चिसाङ खोलाको बनको क्षेत्राधिकार भित्रको खोला क्षेत्रमा नदीजन्य सामाग्री निरन्तर रुपमा थुप्रिई (Over Dumping) वर्षादको समयमा खोलामा आउने बाढी बेलबारी नगरपालिकाको बन क्षेत्र एवं बस्ती तर्फ पसी विनास गर्ने सम्भावना स्थानीय स्तरको अवलोकनबाट देखिन्छ । यस अघिको वर्षादको समयमा समेत खोला बन एवं बस्ती तर्फ पसी बिनास गरेको र सोलाई नियन्त्रण गर्नका |
| | | लागि पालिकाले आवश्यक प्रबन्ध गरेको । प्रस्तुत प्रसङ्ग जस्ता सम्बन्धमा प्रमुख जिल्ला |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| | | अधिकारीज्यूको अध्यक्षतामा मिति २०७९।१२।२४ को जिल्ला विपद व्यवस्थापन समितिको बैठकको निर्णय नं. ४ बाट सुन्दरहरैचा नगरपालिकाको यसै प्रकारको समस्यालाई किटान गरी विपद् पूर्व तयारीका लागि बन ऐन बमोजिम बन सम्बद्ध नियकायसँग समन्वय गरी आवश्यक कार्य गर्नका लागि निर्णय भएको र अन्य पालिकाको हकमा समेत सुन्दरहरैचा नगरपालिकाको सम्बन्धमा भएको निर्णय अनुसार गर्ने /गराउने भनी उल्लेख भएको हुँदा माथि उल्लेखित समस्या आउन नदिनका लागि डिभिजन वन कार्यालयलाई क्षतिको न्युनिकरणका लागि Over Dumping खोलाजन्य सामाग्री व्यवस्थापनका लागि तहाँबाट प्रचलित कानुन बमोजिम माथी उल्लेखित कार्य गरीदिनुहुन र उल्लेखित सन्दर्भमा नगरपालिकाबाट सहयोग / सहजीकरण गर्नुपर्ने भए सो को आर्थिक एंव प्राविधिक प्रस्ताब र सहयोग / सहजीकरण गर्ने पर्ने विषय सहित प्रस्ताब पठाउनका लागि पत्रचार गर्ने निर्णय गरियो।<br>ग. बेलबारी नगरपालिका क्षेत्र भित्रका खोलाहरूमा नदिजन्य सामाग्री Over Dumping भएको कारण सृजना हुनसक्ने सम्भावित विपदलाई न्यूनिकरण गर्नका लागि जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गरी पठाउने । |
| २२ | विविध । | |
| क. | भवन भाडामा लगाउने सम्बन्धमा | बेलबारी नगरपालिका वडा नं. ५ को वडा कार्यालय अगाडि रहेको भवन भाडामा लगाउन देहाय बमोजिम न्यूनतम भाडा दर कायम गरी सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।<br>**देहाय**<br>क. वडा नं. ५ को भवनको प्रति कोठा भाडा रु. २५००।- (ग्रामीण क्षेत्र भएकोहुँदा जिल्ला दररेट मुताविक भाडा तय नभई स्थानीय बजार भाउ र औचित्यताका आधारमा तय गरिएको |
| ख. | सार्वजनिक सम्पत्तीको खोजी तथा संरक्षण | नगरपालिका क्षेत्र भित्र रहेको प्रचलित कानुन बमोजिम नगरपालिकाले संरक्षण गर्नुपर्ने सार्वजनिक सम्पत्तिको खोजी तथा संरक्षणको लागि प्रचलित कानुन बमोजिम कार्यालयबाट आवश्यक तयारी गरी अगामी कार्यपालिका बैठकमा पेस गर्ने । |
| ग. | भाडा फ्याक्ट्री सम्बन्धमा | वडा नं. १ मा रहेको भाडा फ्याक्ट्रिले दिनानुदिन प्रदुषण गरिरकेको र प्रदुषणको मात्रा समेत बढ्दै गएको गुनासो निरन्तर रुपमा आइरकोहुँदा भाडा फ्याक्ट्री आवश्यक छलफल गर्ने निर्णय गरियो । |
| घ. | टोल विकास समिति सम्बन्धमा | कार्यविधि मुताविक टोल विकास समिति एकीकरण गर्नका लागि पत्रचार भएकोमा वडाहरुले हालसम्म पनि एकीकरण गरी नसकेको हुँदा तत्काल टोल विकास संस्था रितपूर्वक एकीकरण गरी एक महिना भित्र नगरपालिका भित्र दर्ताको प्रकृयामा ल्याउन वडा कार्यालयलाई पत्रचार गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो । |
| ङ. | कानुनी संरचना निर्माण | बेलबारी नगरपालिकालाई नभई नहुने विभिन्न कानुनी संरचना निर्माणका लागि यस अघी कार्यालयको निर्णय अनासर सार्वजनिक खरिद निमायवली २०६४ को नियम ८५ को उपनियम १ को अधिनमा रही कार्य गर्ने गरी प्रकृया अघी बढाइएको सोलाई स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो । |